# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

प.सं.:- २०८३/८४
च.नं.:-

मिति:२०८३/०४/१४

सुचना !! सुचना !! सूचना !!

**विषयः मेलमिलापकर्ताहरुको लागि सुचिकृत तथा अद्यावधिक गर्ने सुचना।**

प्रस्तुत विषयमा टेम्केमैयुङ गाउँपालिकाको न्यायिक समिति (कार्यवधि सम्बन्धी) ऐन, कार्यविधी २०७७ को दफा ५९ र ६० को उपदफा ३ बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ता नामावलीलाई अद्यावधिक गर्नुपर्ने व्यावस्था भएको हुँदा टेम्केमैयुङ गाउँपालिका न्यायिक समितिमा सुचिकृत रहेका मेलमिलापकर्ताहरुको नामावली सुचिकृत तथा अद्यावधिक गर्नको लागि वडा मेलमिलापकेन्द्रमा रहेका सम्पुर्ण मेलमिलापकर्ताहरुलाई अद्यावधिक गर्नको लागि सुचना प्रकाशन गरिएको छ। सोको लागि मिति २०८३ साउन मसान्तभित्र यस न्यायिक समितिको कार्यालयमा सुचिकृतक/अद्यावधिकको लागि अनुसुची १३ बमोजिमको आवेदन फाराम भरी आवश्यक कागजातहरू संलग्न राखी बुझाउन सुचित गरिन्छ। वा Whatsapp मार्फत ९८६३९०१२८४ मा समेत आवेदन र कागजातहरू पठाउन सकिनेछ।

**अद्यावधिक गर्न आवश्यक न्युनतम योग्यताहरुः**

- कम्तिमा माध्यमिक तह वा सो सरह उतिर्ण गरेको।
- कुनै राजनीतिक दलको सदस्यता नलिएको,दलप्रति कुनै आस्था र सक्रियता नभएको।
- स्थानिय स्तरमा समाजसेवी तथा मेलमिलापकर्ताको रुपमा पहिचान बनाएको।
- ४८ घन्टे मेलमिलाप आधारभुत तालिम प्राप्त गरी मेलमिलाप सम्वन्धी कार्य गर्दै आएको।
- २५ वर्ष पुरा भएको।
- माथी उल्लेखित जुनसुकै कुरा लेखिएतापनी मेलमिलाप सम्वन्धी विभिन्न तालिम प्राप्त गरी हाल मेलमिलाप सम्वन्धी कार्य गर्दै आएका मेलमिलापकर्ताहरुको लागि निरन्तरता दिईनेछ।

**आवश्यक पर्ने कागजातहरुः**

- पासपोर्ट साईजको फोटो ३ प्रति वा Whatsapp मा हालसालै खिचेको एक passportsize फोटो।
- नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति।
- तालिमको लिएको प्रमाणपत्रको प्रतिलिपी १ प्रति।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपी १ प्रति।
- अनुसुची १३ बमोजिमको निवेदन।

२०८३-०४-१४

.............................

रञ्जन फुयाल
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१३

(दफा ६० को उपदफा(३) सँग सम्बन्धित)

मेलमिलापकर्ता सूचीकृत हुने निवेदन ढाँचा

न्यायिक समिति

टेम्केमैयुङ गाउँपालिका समक्ष पेश गरेको

निवेदन

विषयः मेलमिलापकर्तामा सूचीकृत/ अद्यावधिक हुन पाउँ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरूको प्रतिलिपी साथै राखी टेम्केमैयुङ गाउँपालिकाको न्यायिक समिति अन्तर्गतका वडा न ......... मेलमिलाप केन्द्रमा सूचीकृत/अद्यावधिक भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु।

तपसिल

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
३. मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
४. मेलमिलाप सम्बन्धी अनुभव
५. व्यक्तिगत विवरण(Bio-data)

निवेदक

नाम थरः...........................

दस्तखतः...........................

मितिः...............................